# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन १८ गते २०१० साल

भाग २

## अर्थमन्त्रालयको सूचना

संख्या–११४१ ११—११—०१०

०९ साल भाद्र १० गते प्रकाश भएको स्वास्थ्य–विभागतर्फका कर्मचारीहरूको नयाँ तलब दरबन्दी बिषयको गजेटको पाना १२ को हरफ ७।८।९ मा वार्डकुल्ली, ड्रेसिङ्ग टहलुवा, भान्छे टहलुवा, पाले, अर्दली भनी लेख्नुपर्नेमा वार्ड, कुल्ली, ड्रेसिङ्ग, टहलुवा, भान्छे, पाले, अर्दली भनी लेखिन गएको सोही साल कार्तिक १८ गते भूल–सुधारमा समेत भ्रान्ति पर्ने भएकोले पुनःभूल–सुधार गरिएको छ।

आज्ञाले—

चूडानन्द वैद्य.

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

202

# अर्थमन्त्रालयको सूचना

संख्या—०१०।११५ हु १३९ १३—११—०१०

तपसीलबमोजिमको नोटको नम्बर चलन चल्तीमा ल्याउने भएकोले सूचित गरिएको छ ।

तपसील

मोरु १। दरको क ५ नं. ५००००१ नं. देखि क ५ नं. १०,००,००० नं. तक कित्ता ५,००,०००को मोरु पाँच लाख—५,००,०००

मोरु १। दरको क ६ नं. ००००० १ नं देखि क ६ नं. १०,००,००० नं. तक कित्ता १०,००,००० को मोरु दशलाख- १०,००,०००

मोरु १। दरको क ७ नं. ००००० १ नं. देखि क ७ नं. १०,००,००० नं. तक कित्ता १०,००,००० को मोरु दशलाख—१०,००,०००

२५,००,०००

आज्ञाले—

हिमालयशमशेर जङ्गबहादुर राणा
सेक्रेटरी—अर्थमन्त्रालय.

# अर्थमन्त्रालयको सूचना

संख्या ११४४ ११—११—०१०

०६ साल भाद्र १० गते प्रकाश भएको गजेटले आफ्नु साबिक खान्गीमा बस्न मन्जूर गरी बक्सिसकेपछि रिटायर्ड नहुन्जेलसम्मलाई सोही खान्गीमा बस्नु-पर्ने भए तापनि सोही पोष्टमा बस्ने अथवा सोसरहका वा सोभन्दा घटीको स्केलमा सरुवा हुनेहरूलाई मात्र सो नियम लागू गरी प्रमोशन भएमा ऐ) प्रमोशन भएको स्केलको शुरु अङ्क खान पाउने सो अङ्कभन्दा पनि साबिक खाई आएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

खान्गी बढी भई फेरि आफ्नै साबिक खान्गीमै बस्न मन्जुर गरे पनि पाउने गर्ने निर्णय भएकोले सोबमोजिम गर्ने र गर्न लाउनुहोला ।

आज्ञाले—

चूडानन्द वैद्य

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालय (आय-विभाग) को सूचना

१० गृ. प्र. वि. ४८।५२७६ १५–११–०१०

हवाई मार्गबाट आउने पार्शलहरू डिलेभरी लिने

उक्त विषयको भाग २ संख्या ४२ खण्ड २ मिति ०१०।२।२६ का गजेटमा प्रकाश भएको नियम खारेज गरी देहायको नियम जारी गर्ने गरी ०१०।१०।२६ मा निकाशा भई आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला ।

(१) हवाई मार्गबाट आउने अद्दतहरूमा र चलानीमा पाउनेको नाउँ र त्यसको नेपालको ठेगाना स्पष्ट खुल्नुपर्छ । नेपाल बैंकमार्फत आउने मालमा पनि केवल 'नेपाल बैंक' भन्ने मात्र ठेगाना भएर पुग्दैन, माल पाउने पार्टीको नाउँ ठेगाना पनि खुल्नुपर्छ । त्यसरी नाउँ ठेगाना नखुलेको अद्दतहरू आएमा हवाई कम्पनीबाट नाउँ ठेगाना खुलाएर लिनू । हवाई कम्पनीले पनि नाउँ ठेगाना खुलाएर दिन नसके त्यस्ता अद्दतहरू सोही हवाई जहाजबाट फिर्ता पठाइदिनू, बुझी नलिनू ।

(२) तुरुन्त मालधनीलाई छुटाएर नलगी भन्सार गोदाम दाखिल भएको माल २ सप्ताहभित्र छुटाएर लगे डिमारेज लिनुपर्दैन । त्यसपछि तेस्रो हप्ताभर रोजको मोरु ।५० प्रतिअद्दत र त्यसपछि रोजको मोरु १। प्रतिअद्दतका दरले डिमारेज लिने गर्नू ।

(३) डिमारेज नलाग्ने गरी माल छुटाउन पाउने अवधिभित्रै माल छुटाउन सकिने गरी बैंकमार्फत आउनेमा सो बैंकले र अरूमा हवाई कम्पनीहरूले पार्टीलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

200